# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ११२ | बुटवल | २०८३ बैशाख ०९ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday April 22, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा-१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर: ९८०१८२७९५०**


# तीन क्लिनिक धाउँदा २९ वर्षीया गर्भवतीको मृत्यु

**घटनामा जोडिएका दुई चिकित्सकसहित पाँचजनाविरुद्ध कर्तव्य ज्यानको किटानी जाहेरी परेको र तीनजनालाई पक्राउ गरी अनुसन्धान अघि बढाएको प्रहरीले जनाएको छ।**

**लुम्बिनी संवाददाता**

*बुटवल*

गर्भपतनका लागि नर्सिङ् होम र क्लिनिक गरी चारवटा स्वास्थ्य संस्था धाउँदा धाउँदै पाल्पाकी २९ वर्षीया महिलाको बुटवलमा ज्यान गएको छ । गर्भपतन गराउन विभिन्न स्वास्थ्य संस्था धाउने क्रममा पाल्पाको बगनासकाली गाउँपालिका २ की गीता पाण्डेको मृत्यु भएको हो ।

करिब १२ हप्ताको बच्चा अस्वस्थ भएको भन्दै बैशाख ५ गते आफ्ना श्रीमानसहित बुटवल इटाभट्टीको खत्री नर्सिङ् होममा गएकी थिइन्, गीता। गीता पाण्डे तीन महिनाको गर्भवती थिइन्। उनलाई चैत २७ गते खत्री नर्सिङ होममा जाँचका लागि ल्याइएको थियो।

त्यहाँ डा. डीबी खत्रीले गर्भ असामान्य छ भनी बैशाख ४ गते बोलाएका थिए। गीता बैशाख ५ गते खत्री नर्सिङ् होम गइन्। नियमित चेकजाँचका क्रममा डाक्टरले गर्भमा रहेको बच्चाको राम्रो विकास नभएको भन्दै गर्भपतन गराउनुपर्छ भनेपछि गीताको मनमा चीसो पस्यो। डाक्टरको कुरा उनले श्रीमान प्रकाशलाई सुनाइन्।

विकलाङ्ग बच्चा जन्मिनुभन्दा बरु गर्भपतन गर्नु उचित भन्ने निश्कर्षमा उनीहरू पुगे।

तर गर्भपतनमा ख्याति कमाएको खत्री नर्सिङ् होमले गीतालाई आफ्नोमा उपचार नगरी लोकेसन म्यापसहित बुटवल अस्पताल लाइनको जोनल फार्मेसी क्लिनिकमा पठायो।

त्यहाँ फार्मेसीले गर्भपतनको १६ हजार शुल्क लाग्छ भन्दै २ हजार एड्भान्स लिएर दुईथरि औषधी दिएर पठाएको मृतकका पति प्रकाश पाण्डेले बताए। जोनलबाट फेरि इन्दु लेखा क्लिनिकमा पुऱ्याई गर्भपतन गराउने क्रममा गीताको मृत्यु भएको पति प्रकाशले बताए। ईन्दु लेखा क्लिनिकमा डा. सतिष रुपाखेतीले चेकजाँच गरेको प्रकाशले बताए।

'जोनलमा दुई वटा औषधि दिई पठाएको थियो, साँझ १ गोली र बिहान १ गोली भनेअनुसार खाएको र अर्को दिन जाँदा फेरि अर्को औषधि दिए,' प्रकाशले भने-'दुई घण्टा रेस्ट गर्नुपर्छ भने, तर २ घण्टापछि पछाडिको बाटो हुँदै घुमाएर इन्दु लेखा क्लिनिकमा लगे, त्यहाँ के-के गरे मलाई थाहा छैन।'

मृतकका पति प्रकाशले गर्भपतन गराइएको भ्रुण आफूले नदेखेको भन्दै श्रीमती बेहोस् भइसकेपछि आफूलाई कुनै जानकारी नदिई लुम्बिनी सिटी अस्पतालको इमर्जेन्सी कक्षमा लैजाँदा डाक्टरले मृत घोषित गरेको बताए।

पत्नीको मृत्युलाई उनका पति प्रकाशले स्वास्थ्य संस्थाहरुले उपचारको नाममा नाफा कमाउने उद्देश्य राखेर व्यापार गर्ने क्रममा हत्या गरेको आरोप लगाएका छन्।

'गीतालाई कुनै दीर्घ रोग थिएन, उनी स्वस्थ थिइन्, चिनेको डाक्टरसँग नियमित उपचार गराउँदा पनि मृत्यु हुने अवस्था आयो, यो सरासर उपचारमा गम्भीर लापरबाही हो, दोषीलाई कारबाही



हुनुपर्छ।'-प्रकाशले भने।

गीता पहिलो बच्चा (छोरा) जन्मिएको ५ वर्षपछि दोस्रोपटक आमा बन्ने तयारीमा थिइन्। तर दोस्रो पटक आमा बन्न नपाउँदै उनी सधैंका लागि अस्ताइन्। पति प्रकाशले गीताको मृत्यु भएपछि जोनल फार्मेसीले खत्री नर्सिङले दिएको लोकेशन कार्ड र अन्य उपचारका रिपोर्टहरू लुकाएको बताएका छन्।

'आर्थिक लाभ लिने उद्देश्यले मिलेमतोमा अनधिकृत रुपले भ्रुण तुहाउने आपराधिक जालो खडा गरी बदनियतपूर्वक लापरबाहीपूर्ण काम भएको छ, मैले न्याय पाउनुपर्छ,' प्रकाशले भने-'कर्तव्यबाट मृत्यु भएकोले किटानी जाहेरी दिएको छु।'

मृतकका पति प्रकाशले पत्नी गीताको मृत्युमा मुख्य दोषी आरोप लगाउँदै डाक्टर डीबी खत्री र डाक्टर सतीश रुपाखेतीलाई पक्राउ गरी कानुनी कारबाही गर्न माग गरेका छन्। दुई डाक्टरबाहेक सन्ध्या बस्नेत (जोनल फार्मेसी/क्लिनिक सञ्चालक), निलम घर्ती मगर (जोनल फार्मेसी), खगेन्द्रप्रसाद पाण्डे (इन्दुलेखा स्वास्थ्य क्लिनिक सञ्चालक) लाई पनि कारबाहीको माग गर्दै उनले इलाका प्रहरी कार्यालय बुटवलमा जाहेरी दिएका छन्।

जाहेरी दर्तापछि प्रहरीले तीन जनालाई पक्राउ गरेर आवश्यक अनुसन्धान प्रक्रिया अगाडि बढाएको इलाका प्रहरी कार्यालयका प्रमुख डीएसपी निशान्त श्रीवास्तवले बताए । पक्राउ परेकाहरुमा सन्ध्या बस्नेत, निलम घर्तीमगर र खगेन्द्र पाण्डेलाई पक्राउ गरी कारबाही प्रक्रिया अगाडि बढाइएको छ।

मृतकका आफन्तहरुले खत्री नर्सिङ होम, जोनल फार्मेसी र इन्दु लेखा क्लिनिकमा तालाबन्दी गरेका छन्।

मृतक गीता रक्त सञ्चार सेवा केन्द्र भैरहवाकी कर्मचारी हुन्। मृतक गीताका पति गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हुन्।

## तातो हावाको लहरको जोखिम बढ्दो



बुटवल । देशका विभिन्न भागमा बढ्दो तापक्रमसँगै तातो हावाको लहर (लु) को जोखिम अझै केही दिन कायम रहने भएको छ। जल तथा मौसम विज्ञान विभागले बिहीबारसम्म तराईका केही जिल्लामा लु चल्ने सम्भावना रहेको भन्दै उच्च सतर्कता अपनाउन आग्रह गरेको छ।

विभागका अनुसार लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्रमा अधिकतम तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको छ। धनगढी र नेपालगञ्जमा ४३ डिग्री, भैरहवामा ४४ डिग्री र काठमाडौँमा ३३ डिग्री सेल्सियस तापक्रम मापन गरिएको छ।

विभागका मौसमविद् विनु महर्जनका अनुसार पूर्वी भूभागमा शनिबारसम्म र पश्चिम क्षेत्रमा अझै केही दिन बढी तातो रहने सम्भावना छ। उनले दिउँसोको समयमा अत्यावश्यकबाहेक बाहिर ननिस्कन, चिसो तथा हावादार स्थानमा बस्न, हल्का र पातलो कपडा लगाउन तथा प्रशस्त पानी र झोल पदार्थ सेवन गर्न सुझाव दिए।

लुम्बिनी र सुदूरपश्चिमका तराई जिल्लाहरू–कञ्चनपुर, कैलाली, डडेलधुरा, डोटी, बर्दिया, बाँके, दाङ, कपिलवस्तु र रुपन्देही–मा 'सतर्क रहनु' स्तरको चेतावनी जारी गरिएको छ। त्यस्तै, अछाम, सुर्खेत, दैलेख, सल्यान, रोल्पा, प्यूठान, अर्घाखाँची, पाल्पा, परासी, नवलपुर, चितवन, मकवानपुर, पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, सिन्धुली र उदयपुरलगायत जिल्लामा 'अद्यावधिक रहनु' स्तरको चेतावनी दिइएको छ।

तातो हावा र उच्च तापक्रमका कारण थकान, अत्यधिक तिर्खा लाग्ने, टाउको दुख्ने, आँखामा पोल्ने, चक्कर आउने तथा बेहोस हुने जस्ता समस्या देखिन सक्ने विभागले जनाएको छ। बालबालिका, वृद्ध तथा दीर्घरोगीहरू विशेष जोखिममा पर्ने भएकाले आवश्यक सतर्कता अपनाउन आग्रह गरिएको छ।

## रविको मुद्दा दर्ता गर्न अस्वीकार

बुटवल। सर्वोच्च अदालतले रवि लामिछानेविरुद्ध पेस गरेको रिट निवेदन दर्ता गर्न अस्वीकार गरेको छ। सर्वोच्च अदालत प्रशासनले आयुष बडालले पेस गरेको निवेदनमाथि दरपीठ (दर्ता गर्न अस्वीकार गर्ने आदेश) गरेको हो।

यो आदेशसँगै बडालको निवेदन अस्वीकृत भएको छ। तर, उनले अदालत प्रशासनको यो आदेशविरुद्ध सर्वोच्च अदालतमै फेरि अर्को निवेदन दिन पाउँछन्। सर्वोच्च अदालतको एक न्यायधीशको एकल इजलासले त्यो निवेदनको सुनुवाइ गरी दरपीठ आदेश बदर गरेमा अदालत प्रशासनले निवेदन दर्ता गर्नुपर्छ।

सम्पत्ती शुद्धीकरणको आरोप खेपिरहेका रास्वपा सभापति रवि लामिछानेलाई सांसदको हैसियतले कामकारबाही गर्न रोक लगाउनुपर्ने माग राखी बडालले सर्वोच्चमा रिट निवेदन पेस गरेका थिए।

# कांग्रेसमा उम्मेदवार हुन छुट्टै कोर्स पूरा गर्नुपर्ने



बुटवल। नेपाली कांग्रेसले पार्टीको आन्तरिक तथा सार्वजनिक नेतृत्व विकासलाई क्षमतायुक्त बनाउने उद्देश्यले 'कांग्रेस लिडरसिप एकेडेमी' स्थापना गर्ने भएको छ।

पार्टीको केन्द्रीय नीति अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको मातहतमा गठन हुने एकेडेमीलाई कांग्रेसले 'ट्रेनिङ इन्स्टिच्युट' को रूपमा परिभाषित गरेको छ। यसले पार्टीका क्रियाशील सदस्यहरूलाई कांग्रेसको इतिहास, आदर्श, विचारधारा, आर्थिक नीति, विकास नीति र सामाजिक नीतिबारे प्रशिक्षण दिनेछ।

क्रियाशील सदस्यता नवीकरण गर्ने कार्यकर्ताहरूलाई पार्टीको नीति, कार्यक्रम, प्राथमिकता तथा अद्यावधिक नीतिगत विषयहरूबारे नियमित पुनर्ताजगी तालिम प्रदान गर्ने कांग्रेसको लक्ष्य छ। एकेडेमीले पार्टीको तर्फबाट निर्वाचित स्थानीय, प्रदेश तथा संघीय तहका जनप्रतिनिधिहरूलाई समेत अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नेछ।

आगामी निर्वाचनहरूमा जनप्रतिनिधि बन्ने आकांक्षा राख्ने पार्टी कार्यकर्ताहरूलाई आधारभूत तथा विषयगत ज्ञान, सीप र नेतृत्व विकाससम्बन्धी विशेष कक्षा सञ्चालन गर्ने व्यवस्था गरिएको छ। 'नेतृत्वमा जान चाहने आकांक्षीहरूलाई ज्ञान, कौशलता, व्यवस्थापकीय क्षमता र समग्र रूपमा भरिपूर्ण बनाउने लक्ष्य हो।'- कांग्रेस प्रवक्ता देवराज घिमिरेले भने।

लक्ष्यहरू नबुझाइ र नबुझी जिम्मेवारी दिँदा सुखद र अपेक्षित परिणाम आउन नसक्ने उनको भनाइ छ।

'पार्टीको लक्ष्य नबुझेका व्यक्तिले जनमत निर्माण गर्न सक्दैन र भएकै जनमतलाई पनि कायम राख्न सक्दैन,' प्रवक्ता चालिसेले भने- 'यिनै कुराहरू बुझाउन एकेडेमी स्थापना गर्न लागेका हौं।'

कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्य सचिव कृष्णप्रसाद दुलालले पनि एकेडेमीले पार्टीका तर्फबाट निर्वाचित स्थानीय, प्रदेश र संघीय जनप्रतिनिधिहरूलाई अनुशिक्षण गर्नेछ। त्यसैगरी एकेडेमीले आगामी निर्वाचनहरूमा जनप्रतिनिधि बन्ने आकांक्षी पार्टी कार्यकर्ताहरूलाई पनि प्रशिक्षण दिनेछ। पार्टीको निर्णयअनुसार एकेडेमीले पाठ्यक्रम तयार गरी जनप्रतिनिधि बन्न चाहने वा सरकारमा कार्यकारी जिम्मेवारी लिन चाहने व्यक्तिहरूलाई उक्त जिम्मेवारीसँग जोडिएका आधारभूत तथा विषयगत ज्ञान, सीप र नेतृत्व विकासका लागि कक्षा सञ्चालन गर्नेछ।

महामन्त्री प्रदीप पौडेलले एकेडेमीलाई राज्य प्रणालीबारे कार्यकर्तालाई सशक्त बनाउने महत्वपूर्ण कदमको रूपमा प्रस्तुत गरे। उनले भने-'राज्य प्रणाली, संवैधानिक व्यवस्था, विभिन्न तहका सरकारको जिम्मेवारी र प्रशासनिक क्षमताबारे कार्यकर्तालाई सशक्त बनाउने उद्देश्यसहित यो प्रशिक्षण संस्था सञ्चालनमा ल्याइएको हो।' महामन्त्री पौडेलका अनुसार सार्वजनिक जिम्मेवारीमा जान चाहने व्यक्तिले निर्वाचनभन्दा कम्तिमा तीन महिना अगाडि अनिवार्य 'पब्लिक पोलिसी' कक्षा पूरा गर्नुपर्ने बाध्यकारी व्यवस्था गरिएको छ।

एकेडेमीमार्फत् निश्चित कक्षा पूरा गरे वा नगरेको आधारलाई पार्टीको उम्मेदवारी छनोट तथा अन्य जिम्मेवारीसँग प्रत्यक्ष जोडिने छ। 'कांग्रेस लिडरसिप एकेडेमीमार्फत् निश्चित कक्षा पूरा गरे-नगरेको आधारलाई पार्टीको उम्मेदवारी छनोट र जिम्मेवारीसँग जोडिने छ।'- महामन्त्री पौडेलले भने। संगठनात्मक जिम्मेवारी र सार्वजनिक जिम्मेवारी दुवै क्षेत्रमा कांग्रेसका कार्यकर्ताको क्षमता अभिवृद्धि गर्न एकेडेमी बनाइएको उनको भनाइ छ। उम्मेदवार बन्न चाहनेले कांग्रेसले बनाउने कोर्सको ट्रेनिङ लिएको हुनुपर्ने र ट्रेनिङ नलिएको व्यक्ति उम्मेदवारका लागि योग्य नहुने महामन्त्री पौडेलले बताए।

प्रवक्ता चालिसेले एकेडेमीलाई 'स्कुल' कै रूपमा व्याख्या गरे। 'एकेडेमीको आफ्नै पाठ्यक्रम हुन्छ। यो स्कुल नै हो। यसको तीन महिने कोर्स हुन्छ।'- उनले भने। चालिसेले पनि एकेडेमीले तोकेको कोर्स पूरा नगरेको कार्यकर्ता पार्टीका तर्फबाट उम्मेदवारका लागि योग्य नहुने बताए। 'कोर्स पूरा नगरेका मान्छेहरू उम्मेदवारका लागि ग्राह्य हुँदैनन्,' उनले भने-'राजनीतिलाई बदलिएको परिस्थितिमा 'मेरिटोक्रेसी' स्थापित गर्दै जाऔं भन्ने उद्देश्य हो।'

» बाँकी ३ पेजमा




२०८३ बैशाख ०९, गते बुधबार
Wednesday April 22, 2026
दैनिक लुम्बिनी

# सम्पादकीय

## आदेशमा होइन्, विधिमा अघि बढ

मुलुक संघीय संरचनामा गए पनि शासकीय स्वरुपको मर्मअनुसार संघीय सरकार नचल्दा अहिले अन्यौल र द्विविधा देखिएको छ। यो द्विविधा र अन्यौल बढ्दै गए अन्ततः तहगत सरकारबिच द्वन्द्व चर्कंदै जाने संकेत देखिएको छ। संविधानले तहगत सरकारका अधिकारको सूची स्पष्ट गरेको छ । तहगत सरकारका एकल र साझा अधिकारको सूची प्रष्ट उल्लेख गर्नुको अर्थ हो, तहगत सरकार संवैधानिक मर्मअनुसार चलेर नागरिकका आकांक्षा पूर्ति गर ।

प्रतिनिधिसभाको निर्वाचनपछि आएको नयाँ सरकारले हरेक ठाउँमा केही नयाँ गर्न खोज्दा संवैधानिक मर्मको ख्याल गरेन। कतिपय निर्णय हेर्दा आकर्षक र लोकप्रिय छन्, तर ती निर्णयले पार्ने प्रभाव र असरबारे पनि हेक्का भएन। शिक्षा मन्त्री सुस्मित पोखरलले गरेका केही निर्णयले अन्यौल र विरोधाभास खडा गरेको छ। त्यति मात्रै होइन्, संघीय सरकारका निर्णय स्थानीय तहले नमान्ने परिस्थिति श्रृजना भएको छ। संघीय सरकारको निर्णय उल्लंघन हुँदा कार्यान्वयन गराउन पनि शिक्षा मन्त्रालयका अधिकारीले पहलकदमी लिएका छैनन् । चैत २२ गते बसेको मन्त्रिपरिषद् बैठकले यसअघि बैशाख २ देखि सुरु हुने भनिएको शैक्षिक सत्रको मिति परिवर्तन गऱ्यो। बैशाख १ को साटो सरकारले आगामी शैक्षिक सत्र १५ बैशाखबाट सुरु गर्ने निर्णय गऱ्यो । यो निर्णय गर्नुअघि सरकारले सरोकारवालासँग सुझाव लिने प्रयास गरेन । एकतर्फी निर्णय गऱ्यो । विद्यालय शिक्षाको अधिकार संविधानले स्थानीय तहलाई दिएको छ। अहिले कतिपय स्थानीय तह संघीय सरकारको निर्णय उल्लंघन गर्दै पूरानै ढंगले शैक्षिक क्यालेण्डर बनाएका छन्। संघीय सरकारको निर्णय उल्लंघन गर्दै अघि बढेका स्थानीय तहको तर्क छ,– नेपालको संविधान, शिक्षा नियमावली, २०५९ को नियम ८४ को उपनियम (१) र (५) अनुसार शैक्षिक सत्र बैशाख १ गतेदेखि प्रारम्भ भई चैत्र मसान्तसम्म कायम रहने र विद्यालयले १ शैक्षिक सत्रमा काम गर्ने दिन कम्तीमा २२० दिन हुने छ भन्ने व्यवस्था गरेको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले कक्षा १- ३ मा ८३२ कार्य घण्टा र कक्षा ४-१२ मा १०२४ कार्य घण्टा पठन समय कायम गरेको छ।

सरकारले गरेको निर्णय पालना गर्नका लागि नयाँ शिक्षा ऐन निर्माण गर्नुपर्ने उनीहरुको सुझाव छ। बैशाख १६ देखि भर्ना भनिए पनि अधिकांश विद्यालयले भर्ना लिइसकेका छन्। विद्यालय शिक्षा सञ्चालन र नियमनको एकल जिम्मेवारी संविधानले स्थानीय सरकारलाई दिएको भन्दै गाउँपालिका महासंघ र नगरपालिका संघले सरकारको निर्णयप्रति आपत्ति जनाएका छन्। अहिले एसईईको परीक्षा केन्द्रमै उत्तरपुस्तिका जाँच्ने काम सम्पन्न भयो। छिटोछरितो गर्ने नाउमा स्थानीयस्तरमा विवाद चर्कने जोखिम हुन्छ। यस्तो निर्णय गर्दा प्रभाव र असरको हेक्का भएन।

सरकार विधिमा टेकेर गरेको निर्णय कार्यान्वयनमा सहज हुन्छ। जब निर्णय कार्यान्वयन हुन्न, अराजकता सुरु हुन्छ। सरकारले गरेको निर्णय कार्यान्वयन नभएपछि अपेक्षित नतिजा आउन सक्तैन्।

## नेप्से परिसूचक १८ अङ्कले घट्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार १८ दशमलव १० अङ्कले घटेर दुई हजार ८०७ दशमलव १२ विन्दुमा कायम भएको छ।

३४७ कम्पनीको एक करोड ३० लाख १९ हजार ५५ कित्ता शेयर ९५ हजार ८०० पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब ७७ करोड ४३ लाख १७ हजार ८७९ बराबरको कारोबार भएको छ।

कारोबारमा होटल तथा पर्यटन समूहको उपसूचक एक दशमलव १६ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ।

सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड र पाल्पा सिमेन्ट इन्डस्ट्रिज लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

सोलु हाइड्रोपावर लिमिटेडको सबैभन्दा धेरै रु ३७ करोड सात लाख ३५ हजार ९२१ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै नेसनल हाइड्रोपावर कम्पनी लिमिटेडको सात लाख ७७ हजार ३७३ कित्ता शेयर किनबेच भएको छ।

# नेपाल–भारत सम्बन्ध : इतिहास, मधेस र वर्तमान चुनौती



प्रेमचन्द्र झा



नेपाल-भारत सम्बन्धबारे बहस चलिरहँदा सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नेपाली मधेसी समुदायको दैनिक जीवनसँग जोडिएका विषयहरू फेरि एकपटक राष्ट्रिय विमर्शको केन्द्रमा आएका छन् । विशेषगरी भारतीय बजारबाट किनिने दैनिक उपभोग्य वस्तुमा कर लगाउने सरकारी निर्णयले सीमावर्ती जनजीवनमा प्रत्यक्ष प्रभाव पारेको भन्दै व्यापक असन्तोष व्यक्त भइरहेको छ। तर यो विषयलाई केवल भावनात्मक प्रतिक्रिया वा तात्कालिक असन्तोषको रूपमा बुझ्नु पर्याप्त हुँदैन; यसको गहिराइ राज्य संरचना, आर्थिक नीतिको चरित्र, भूराजनीतिक यथार्थ र ऐतिहासिक सम्बन्धको जटिल अन्तर्क्रियासँग जोडिएको छ।

नेपाल र भारतबिचको सम्बन्ध सामान्य छिमेकी सम्बन्धभन्दा फरक हुनुको मूल कारण केवल सांस्कृतिक निकटता मात्र होइन, बरु संरचनागत अन्तर निर्भरता पनि हो । खुला सिमाना, श्रम बजारको आदानप्रदान, उपभोग्य वस्तुको आपूर्ति श्रृंखला र पारिवारिक सम्बन्धले दुई देशलाई व्यवहारतः अर्ध-एकीकृत सामाजिक-आर्थिक क्षेत्रमा रूपान्तरण गरेको छ । यस्तो अवस्थामा एकपक्षीय रूपमा कडा आर्थिक नीति लागू गर्दा त्यसको प्रभाव सीमावर्ती समाजमा असमान रूपमा पर्नु स्वाभाविक हुन्छ। यसैले कर नीतिको विरोधलाई केवल 'राजस्व नतिर्न खोज्ने प्रवृत्ति'का रूपमा व्याख्या गर्नु विश्लेषणको सरलीकरण हुनेछ।

सीमावर्ती अर्थतन्त्रको आफ्नै प्रकृति हुन्छ, जुन केन्द्र-परिधि सम्बन्धको सिद्धान्तमार्फत् बुझ्न सकिन्छ । राजधानी-केन्द्रित नीति निर्माणले परिधीय क्षेत्रको यथार्थलाई अक्सर बेवास्ता गर्छ। मधेस क्षेत्रको सन्दर्भमा हेर्दा, बजार पहुँच, मूल्य अन्तर, ढुवानी लागत र आपूर्ति प्रणालीका कारण भारतीय बजारसँगको निर्भरता केवल रोजाइ होइन, आवश्यकता बनेको छ। यदि नेपालतर्फ समान गुणस्तरका वस्तु उच्च मूल्यमा उपलब्ध छन् भने उपभोक्ताले नजिकको सस्तो बजार रोज्नु आर्थिक रूपमा तर्कसंगत व्यवहार हो। यस्तो व्यवहारलाई करद्वारा दण्डित गर्दा राज्यले वस्तुतः बजार यथार्थसँग टकराव गरिरहेको हुन्छ।

यही बिन्दुमा कर नीतिको उद्देश्य र कार्यान्वयनबिचको अन्तर स्पष्ट देखिन्छ। राज्यले राजस्व वृद्धि, वैध व्यापार प्रवर्द्धन र अनौपचारिक अर्थतन्त्र नियन्त्रण गर्ने लक्ष्य राखेको हुन सक्छ। तर, यदि नीति कार्यान्वयनले साना उपभोक्तालाई मात्र समेट्छ र ठूला तस्करी सञ्जाललाई प्रभावकारी रूपमा समेट्न सक्दैन भने त्यसले साना उपभोक्तालाई बढी असर पर्ने कर अर्थात् कम आय भएका र दैनिक उपभोगमा निर्भर समुदाय बढी प्रभावित हुन्छन् । यसले आर्थिक असमानता मात्र होइन, राज्यप्रति असन्तोष पनि बढाउँछ।

तस्करीको प्रश्न यहाँ केन्द्रीय रूपमा जोडिन्छ । सीमावर्ती क्षेत्रमा हुने अवैध कारोबार केवल व्यक्तिगतस्तरको गतिविधि होइन; यसमा संगठित नेटवर्क, संरक्षण प्रणाली र अन्तरदेशीय समन्वयको अभाव जस्ता पक्षहरू जोडिएका हुन्छन् । यस्तो जटिल समस्यालाई साना परिमाणमा वस्तु ल्याउने सर्वसाधारणमाथि कडाइ गरेर समाधान गर्न खोज्नु नीतिगत रूपमा कमजोर रणनीति देखिन्छ। यसले वास्तविक समस्याको मूल कारणलाई सम्बोधन नगरी लक्षण मात्र नियन्त्रण गर्ने प्रयास जस्तो देखिन्छ।

मधेस क्षेत्रसँग जोडिएको अर्को महत्वपूर्ण आयाम पहिचान र प्रतिनिधित्वको हो । ऐतिहासिक रूपमा मधेसी समुदायले राज्य संरचनामा पर्याप्त प्रतिनिधित्व नपाएको गुनासो गर्दै आएका छन्। यस्तो पृष्ठभूमिमा जब कुनै नीति उनीहरूको दैनिक जीवनमा प्रत्यक्ष असर पार्छ, त्यसलाई केवल आर्थिक निर्णयको रूपमा होइन, राजनीतिक सन्देशको रूपमा पनि व्याख्या गरिन्छ। यसले नीतिगत असहमति छिट्टै पहिचान-आधारित असन्तोषमा रूपान्तरण हुने जोखिम बढाउँछ।

खुला सिमानाको व्यवस्थापनलाई लिएर पनि पुनर्विचार आवश्यक देखिन्छ। सिमाना पूर्णरूपमा खुला राख्ने वा पूर्ण रूपमा नियन्त्रण गर्ने - यी दुई चरम विकल्पबिच व्यवहारिक समाधान खोज्नुपर्ने अवस्था छ। 'स्मार्ट बोर्डर म्यानेजमेन्ट'को अवधारणा यहाँ सान्दर्भिक हुन सक्छ, जसले प्रविधि, डेटा आदानप्रदान र जोखिम-आधारित निगरानीमार्फत् वैध आवतजावतलाई सहज बनाउँदै अवैध गतिविधि नियन्त्रण गर्न मद्दत गर्छ । तर यस्तो प्रणाली प्रभावकारी हुन दुबै देशबीच उच्च स्तरको विश्वास र समन्वय आवश्यक हुन्छ।

नेपालतर्फको संरचनागत कमजोरी पनि यस बहसको महत्वपूर्ण पक्ष हो । यदि सीमावर्ती क्षेत्रमा पर्याप्त बजार, भण्डारण सुविधा, प्रतिस्पर्धी मूल्य र गुणस्तरीय वस्तु उपलब्ध हुँदैनन् भने उपभोक्तालाई वैकल्पिक व्यवहार रोज्न बाध्य पार्नु व्यवहारिक हुँदैन। त्यसैले कर नीतिसँगै आपूर्ति पक्ष सुधार गर्ने रणनीति अनिवार्य हुन्छ। अन्यथा, करले केवल अनौपचारिक मार्गलाई अझ प्रोत्साहित गर्ने सम्भावना रहन्छ।

कूटनीतिक स्तरमा पनि यो विषय संवेदनशील छ । नेपाल-भारत सम्बन्धमा कुनै पनि सानो नीतिगत परिवर्तनले ठूलो सामाजिक प्रभाव पार्न सक्छ, विशेष गरी सीमावर्ती क्षेत्रमा। त्यसैले यस्ता निर्णयहरू एकपक्षीय रूपमा लागू गर्नु भन्दा द्विपक्षीय संवादमार्फत् समन्वय खोज्नु दीर्घकालीन रूपमा लाभदायक हुन्छ । खुला सिमानाको विशेषता नै सहमतिमा आधारित लचिलोपन हो; त्यसलाई कठोर प्रशासनिक नियन्त्रणमा रूपान्तरण गर्दा सम्बन्धको आधार कमजोर हुन सक्छ।

समग्रमा हेर्दा, वर्तमान विवादले नेपालमा नीति निर्माण प्रक्रियाको एउटा गम्भीर चुनौती उजागर गरेको छ - केन्द्रले बनाएको नीति कति हदसम्म स्थानीय यथार्थसँग मेल खान्छ ? यदि नीति निर्माणमा स्थानीय आवाज समेटिँदैन भने कार्यान्वयन चरणमा प्रतिरोध स्वाभाविक हुन्छ । त्यसैले समाधानको पहिलो चरण नै सहभागितामूलक नीति निर्माण हुनुपर्छ, जहाँ सीमावर्ती समुदायका प्रतिनिधि, स्थानीय निकाय र सरोकारवालाहरू प्रत्यक्ष रूपमा संलग्न हुन्छन्।

अन्ततः, यो प्रश्न केवल करको होइन; यो राज्यको वैधता, जनविश्वास र सीमावर्ती समाजसँगको सम्बन्धको प्रश्न हो । यदि राज्यले आफ्नो नीतिलाई न्यायोचित, व्यवहारिक र समावेशी बनाउन सक्छ भने मात्र दीर्घकालीन स्थायित्व सुनिश्चित हुन्छ। अन्यथा, साना निर्णयहरूले पनि ठूलो सामाजिक दूरी सिर्जना गर्न सक्छन्।

नेपाल-भारत सम्बन्धको वास्तविक बल कूटनीतिक कागजमा होइन, जनस्तरको विश्वासमा निहित छ । यही विश्वासलाई आधार मानेर नीतिगत सुधार, आर्थिक सन्तुलन र पारस्परिक सहकार्यलाई अघि बढाउन सके मात्र वर्तमान जस्ता विवादहरू समाधानतर्फ उन्मुख हुन सक्छन्। सीमावर्ती जनताको जीवनयापनलाई सहज बनाउने र राज्यको संरचनागत कमजोरी सुधार गर्ने दिशामा ठोस पहल नगरी केवल नियन्त्रणमुखी उपाय अपनाउनु दीर्घकालीन समाधान बन्न सक्दैन।

यस बहसलाई अझ गहिरो रूपमा हेर्दा अर्को महत्वपूर्ण पक्ष देखिन्छ- राज्यको कर संरचना र त्यसको सामाजिक न्यायसँगको सम्बन्ध । कर नीति केवल राजस्व संकलनको माध्यम मात्र होइन; यो राज्यले नागरिकसँग कसरी व्यवहार गर्छ भन्ने संकेत पनि हो । जब करको भार असमान रूपमा सीमावर्ती, आर्थिक रूपमा संवेदनशील र संरचनागत रूपमा पछाडि पारिएका समुदायमाथि पर्छ, तब यसले करको वैधतामाथि नै प्रश्न उठाउँछ । कर तिर्ने क्षमता, पहुँच र विकल्पको अभावलाई बेवास्ता गरेर लागू गरिएको नीति व्यवहारिक भन्दा पनि प्रशासनिक देखिन्छ, जसले दीर्घकालीन रूपमा कर अनुपालन घटाउने जोखिम बढाउँछ।

यस सन्दर्भमा 'इन्फर्मल इकोनोमी' अर्थात् अनौपचारिक अर्थतन्त्रको भूमिका पनि उल्लेखनीय छ। सीमावर्ती क्षेत्रमा औपचारिक व्यापारिक संरचना कमजोर हुँदा अनौपचारिक कारोबार नै मुख्य माध्यम बन्छ।

यस्तो अवस्थामा राज्यले अचानक कडाइ गर्दा बजार पूर्ण रूपमा औपचारिकतर्फ सर्ने होइन, बरु अझ जटिल र लुकेका मार्गतर्फ सर्न सक्छ। यसले न त राजस्व बढाउँछ, न त पारदर्शिता; उल्टै नियन्त्रण बाहिरको गतिविधि बढाउने सम्भावना रहन्छ। त्यसैले कर नीति सुधारसँगै अनौपचारिक अर्थतन्त्रलाई क्रमशः औपचारिकतर्फ रूपान्तरण गर्ने दीर्घकालीन रणनीति आवश्यक हुन्छ।

अर्कोतर्फ, सीमावर्ती जनताको मनोविज्ञान बुझ्न पनि उत्तिकै जरुरी छ। उनीहरूका लागि सीमा केवल राजनीतिक रेखा होइन; यो दैनिक जीवनको एउटा पारगमन बिन्दु हो। परिवार, रोजगारी, शिक्षा, स्वास्थ्य - यी सबै आवश्यकता सीमापार नै पूरा हुने अवस्था छ। यस्तो अवस्थामा राज्यले अचानक नियन्त्रण कडा पार्दा त्यसलाई बाह्य हस्तक्षेपको रूपमा अनुभव गरिन्छ। यसले केवल आर्थिक असन्तोष मात्र होइन, भावनात्मक दूरी पनि सिर्जना गर्न सक्छ। राज्यप्रति अपनत्व घट्दै जानु कुनै पनि लोकतान्त्रिक प्रणालीका लागि दीर्घकालीन चुनौती हो।

नीतिगत दृष्टिले हेर्दा, 'वन साइज फिट्स अल' अर्थात् एउटै नीति सबै ठाउँमा लागू गर्ने प्रवृत्ति नै मूल समस्या देखिन्छ। हिमाली क्षेत्र, पहाडी क्षेत्र र मधेस - यी तीनै भौगोलिक क्षेत्रका आर्थिक संरचना, बजार पहुँच र सामाजिक अभ्यास फरक छन् । तर नीति निर्माण प्रायः समान ढाँचामा गरिन्छ । यसले सीमावर्ती क्षेत्रका लागि अनुपयुक्त परिणाम दिन्छ। त्यसैले भौगोलिक र सामाजिक विविधतालाई स्वीकार गर्दै क्षेत्रविशेष नीति निर्माण गर्नु आजको आवश्यकता हो।

यससँगै संघीय संरचनाको प्रभावकारिता पनि परीक्षणको अवस्थामा देखिन्छ । स्थानीय सरकारहरूलाई सीमावर्ती व्यवस्थापन, बजार नियमन र स्थानीय कर संरचना निर्धारणमा कति अधिकार दिइएको छ भन्ने प्रश्न उठ्छ। यदि स्थानीय तहलाई पर्याप्त अधिकार र स्रोत उपलब्ध गराइयो भने उनीहरूले आफ्नो क्षेत्रअनुसार व्यवहारिक समाधान खोज्न सक्छन्। केन्द्रबाट निर्देशित कडा नीतिभन्दा स्थानीय स्तरको लचिलो व्यवस्था धेरै प्रभावकारी हुन सक्छ।

नेपाल-भारत सम्बन्धको व्यापक सन्दर्भमा हेर्दा, यस्तो प्रकारको आन्तरिक नीति विवादले द्विपक्षीय सम्बन्धमा अप्रत्यक्ष असर पार्न सक्छ। सीमावर्ती असन्तोषले सीमापार सामाजिक सम्बन्धमा तनाव सिर्जना गर्ने सम्भावना रहन्छ, जसले दीर्घकालीन रूपमा विश्वासमा असर पुऱ्याउन सक्छ । त्यसैले आन्तरिक नीति बनाउँदा बाह्य प्रभावको पनि मूल्याङ्कन गर्नु आवश्यक हुन्छ । विशेषगरी खुला सिमाना भएका दुई देशबिच यस्तो संवेदनशीलता झन् महत्वपूर्ण हुन्छ।

अर्को महत्वपूर्ण पक्ष भनेको सूचना र सञ्चारको अभाव हो। धेरैजसो अवस्थामा नीति किन ल्याइयो, यसको उद्देश्य के हो र कसरी कार्यान्वयन हुन्छ भन्नेबारे स्पष्ट जानकारी नहुँदा भ्रम र असन्तोष बढ्छ। यदि राज्यले पारदर्शी रूपमा संवाद गर्ने, जनतालाई सहभागी गराउने र प्रतिक्रिया सुन्ने संयन्त्र विकास गर्छ भने धेरै विवाद प्रारम्भमै समाधान हुन सक्छन् । नीतिगत स्पष्टता र विश्वसनीयता बढाउनु पनि समाधानको महत्वपूर्ण भाग हो।

दीर्घकालीन समाधानको दृष्टिले हेर्दा, सीमावर्ती क्षेत्रलाई 'समस्या क्षेत्र' होइन, 'अवसर क्षेत्र"का रूपमा हेर्नुपर्ने आवश्यकता छ। यस्ता क्षेत्रहरूलाई विशेष आर्थिक क्षेत्र, क्रस-बोर्डर ट्रेड हब वा सहकार्य क्षेत्रका रूपमा विकास गर्न सकिन्छ । यदि नेपालतर्फ प्रतिस्पर्धी बजार, भन्सार सहजीकरण, भण्डारण र ढुवानी पूर्वाधार विकास गरियो भने उपभोक्ताको निर्भरता स्वतः सन्तुलित हुन्छ। यसले राजस्व पनि बढाउँछ र स्थानीय अर्थतन्त्र पनि सुदृढ बनाउँछ।

अन्ततः, यो बहसले राज्य र नागरिकबीचको सम्बन्धको गुणस्तरलाई उजागर गरेको छ । कर नीति, सिमाना व्यवस्थापन र आर्थिक सुधार जस्ता विषयहरू प्राविधिक मात्र होइनन्; यी गहिरो रूपमा राजनीतिक र सामाजिक पनि हुन्। त्यसैले समाधान पनि बहुआयामिक हुनुपर्छ - आर्थिक सुधार, प्रशासनिक दक्षता, राजनीतिक संवेदनशीलता र कूटनीतिक सन्तुलन सबैलाई सँगसँगै अघि बढाउनुपर्ने हुन्छ।

नेपाल-भारत सम्बन्धलाई अझ सुदृढ र समसामयिक बनाउने हो भने यस्ता विवादलाई अवसरका रूपमा लिन सकिन्छ । सीमावर्ती जनताको यथार्थलाई केन्द्रमा राखेर नीति परिमार्जन गर्ने, द्विपक्षीय सहकार्यलाई सुदृढ बनाउने र आन्तरिक संरचनागत कमजोरी सुधार गर्ने दिशामा ठोस कदम चाल्न सके मात्र दीर्घकालीन समाधान सम्भव हुन्छ। अन्यथा, असन्तोषको चक्र दोहोरिइरहने र सम्बन्धमा अनावश्यक तनाव थपिँदै जाने खतरा रहिरहन्छ।

घटना र विचारबाट

# धर्से कि सादा ? गर्मीमा कुन तरबुजा खाँदा हुन्छ स्वास्थ्यलाई बढी फाइदा

गर्मीको सुरुवात हुनासाथ फलफूल बजारमा तरबुजा भित्रिन थाल्छन् । तर के तपाईंले कहिल्यै ध्यान दिनुभएको छ, बजारमा दुई थरीका तरबुजा पाइन्छन् - एउटा गाढा हरियो रङ्को बिना धर्सा भएको र अर्को हल्का हरियो रङ्मा गाढा धर्साहरू भएको।

मानिसहरू प्रायः कुन बढी स्वादिलो वा गुलियो होला भन्ने कुरामा अलमलमा पर्छन्। तर यी दुईको छनोट पछाडिको विज्ञानले तपाईंको स्वास्थ्यका लागि सही जानकारी दिन्छ। आउनुहोस् जानौँ, गर्मी मौसममा तपाईंको स्वास्थ्यका लागि कुन तरबुजा बढी फाइदाजनक हुन्छ, धर्से कि बिना धर्साको ?

**धर्से र बिना धर्साको तरबुजामा के छ फरक ?**

१. **पोषक तत्वले भरिपूर्ण**

वैज्ञानिक दृष्टिकोणबाट हेर्दा, दुवै प्रकारका तरबुजामा ९० देखि ९२ प्रतिशतसम्म पानी हुन्छ। जसले गर्दा गर्मी महिनामा शरीरमा पानीको मात्रा कायम राख्न यी निकै प्रभावकारी हुन्छन् । धर्सा भएको तरबुजा, जसलाई अक्सर 'किरण' जात भनिन्छ, मा लाइकोपिनको मात्रा अलि बढी हुन सक्छ, जसले यसलाई मुटुको स्वास्थ्यका लागि उत्कृष्ट विकल्प बनाउँछ। यसको विपरीत, बिना धर्साको गाढा हरियो तरबुजा (सुगर बेबी जात) भने आफ्नो अत्यधिक गुलियोपनका लागि प्रख्यात छ।

२. **गुलियोपन र क्यालोरी**

बिना धर्साको तरबुजा सामान्यतया आकारमा साना र बढी गुलिया हुन्छन् । यदि तपाईं आफ्नो क्यालोरीलाई लिएर सचेत हुनुहुन्छ भने, धर्सा भएको तरबुजा छान्नु उपयुक्त हुन सक्छ, किनभने यसमा गुलियोपन सन्तुलित मात्रामा हुन्छ । यसमा पाइने सिट्रुलिन नामक तत्त्वले मांसपेशीको थकान कम गर्न महत्त्वपूर्ण भूमिका खेल्छ।

**सही तरबुजा छान्ने तरिका**

तरबुजा चाहे धर्से होस् वा बिना धर्साको, सबैभन्दा स्वस्थकर फल त्यही हो जुन राम्ररी पाकेको हुन्छ । सही र पाकेको तरबुजा चिन्न यी ३ प्रभावकारी तरिका अपनाउनुहोस्ः

फिल्ड स्पट हेर्नेः तरबुजाको भुइँमा छोएको तल्लो भाग हल्का पहेँलो (क्रिमी) छ भने, त्यो प्राकृतिक रूपमै पाकेको हो भन्ने बुझ्नुपर्छ। तरबुजाको गुणस्तर जाँच्ने यो सबैभन्दा सही तरिका हो।

तौल जाँच्नेः आफ्नो आकारको तुलनामा हातमा लिँदा अलि भारी महसुस हुने तरबुजा छान्नुहोस्, किनकि त्यसमा पानीको मात्रा प्रशस्त हुन्छ।

आवाजबाट पहिचान गर्नेः हातले विस्तारै हिर्काउँदा गहिरो र भारी आवाज आयो भने फल रसिलो छ भन्ने बुझ्नुपर्छ।

**दुवैबिच छ सामान्य फरक मात्र**

स्वास्थ्य लाभको कुरा गर्दा, यी दुई तरबुजाबिच निकै सामान्य फरक मात्र छ। सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको फल ताजा हुनुपर्छ र कुनै पनि कृत्रिम रसायन प्रयोग नगरी प्राकृतिक रूपले पाकेको हुनुपर्छ।

गर्मी मौसममा शरीरमा पानीको कमी पूरा गर्न यी दुईमध्ये कुनै पनि प्रकारको तरबुजा छान्नु एक बुद्धिमानी र प्रभावकारी निर्णय हो।

# पशुगोठ गर्मी छल्न लेक उक्लन थाले



म्याग्दी । गर्मी बढ्न थालेपछि म्याग्दीका घुम्ती पशु गोठहरू हिमाली भेगका लेकतर्फ सार्न थालिएको छ ।

हिउँदयाममा चिसो छल्न र आहाराका लागि बेँसीका फाँटहरूमा ल्याइएका भेडाबाख्रा र गाईभैँसीका गोठ लेकतर्फ लैजान थालिएको हो । धवलागिरि गाउँपालिका–३ हुचिन र सोलवाङमा पाँच महिना राखेको गोठ लेकतर्फ लैजान मुनाको जौबारीमा सारेको स्थानीय किसान यामप्रसाद पुनले बताए ।

"बेँसीका फाँटमा बर्खेबाली लगाएपछि हप्ता/दश दिनको अन्तरमा घुम्ती गोठ सार्दै हिमालतिर जान्छौँ", उनले भने–"पाँच हजार मिटर उचाइको बुकी पाटनमा बर्खामा पोषिलो घाँस खुवाएर चिसो बढ्न थालेपछि गोठ बेँसी झार्ने गर्छौं ।" बेँसीबाट उकालो लागेका गोठ भदौमा हिमालको फेदीका बुकी पाटनमा पुऱ्याउने र असोजमा बेँसी झार्ने चलन छ ।

गोठालाहरूले गोठ राख्ने ठाउँलाई खर्क भनिन्छ भने लेकका चरन क्षेत्रलाई बुकी पाटन । खर्कमा रहेका ढुङ्गाको पर्खालमा काठ र निगाला तेर्स्याएर त्रिपाल र पाल राखेर अस्थायी गोठ बनाइन्छ । बेँसीका खेतबारीमा घुम्ती गोठ राखेर जमिनलाई मलिलो बनाउने चलन छ । ढोरपाटन सिकार आरक्ष, अन्नपूर्ण र धवलागिरि हिमाल आसपासका क्षेत्रमा गोठ लैजाने गरिन्छ । हिमाली क्षेत्रको बुकीको पोषिलो घाँस खाएका पशुचौपाया स्वस्थ्य, बलिया र दूधालु हुने धवलागिरि गाउँपालिका–५ मल्कवाङका देवान छन्त्यालले बताए ।

धवलागिरिको गुर्जा, लुलाङ, लमसुङ, खोरिया, मुना, दर, मुदी, खिवाङ, फलियागाउँ, मल्कवाङ, रघुगङ्गाको कुइनेखानी, पात्लेखर्क, मङ्गलेखानी, चिमखोला, दग्नाम, ठाडाखानी, अन्नपूर्णको दोवा, दाना, नारच्याङ, पाउद्वार, शिख, राम्चेका किसानले घुम्ती गोठमा परम्परागत शैलीमा पशुपालन गर्दै आएका छन् ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख गोपाल गिरीले लेकतर्फ लैजानुअघि पशुहरूलाई महामारीविरुद्धको खोप लगाइएको जानकारी दिए । खोरेत, पिपिआर, भ्यागुते, चरचरे र रेबिज रोगबाट पशुलाई बचाउन गण्डकी प्रदेशको पशुमा पूर्णखोप कार्यक्रममार्फत् निःशुल्क खोप लगाइएको उनले बताए ।

प्रदेश सरकार र स्थानीय तहहरूले घुम्ती गोठ निर्माणका लागि अनुदानका लागि बजेट विनियोजन गरे पनि नीतिगत समस्याका कारण किसानले सुविधा पाउन सकेका छैनन् । युवा पुस्ताले बेवास्ता गर्दा र वैदेशिक रोजगारीका कारण घुम्ती गोठमा गरिने पशुपालन सङ्कटमा परेको छ ।

लेकाली क्षेत्रमा व्यक्तिगत जग्गा नभएको र सार्वजनिक जग्गामा संरचना बनाउँदा हुने खर्चलाई महालेखा परीक्षक तथा अख्तियार आकर्षित हुने हुँदा बजेट परिचालन हुन नसकेको धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बताए ।

# १०८ फिटको हनुमान मूर्ति निर्माण अन्तिम चरणमा



नेपालगञ्ज । नेपालगञ्ज उमहानगरपालिका– २ स्थित हनुमानगढीमा १०८ फिट अग्लो हनुमानको मूर्ति निर्माण जारी छ ।

सो मूर्तिको लागत रु १४ करोड ४ लाख ६३ हजार रहेको उपमहानगरपालिकाका इञ्जिनियर सुरज शर्माले जानकारी दिए । यसका पहिलोपटक २०७९ चैत ३ गते निर्माण कम्पनीसँग सम्झौता भएको थियो । सुरुआताको अवधि २०८१ चैत २ गतेसम्म रहेकामा अहिले समयावधि थपेर २०८३ असोज ३० गतेसम्म लम्ब्याइएको छ ।

मूर्ति निर्माण गर्ने कालीगढ दिलवीर सुनार सेन्चुरीले हनुमान मन्दिरको निर्माण ९० प्रतिशत सम्पन्न भइसकेको उल्लेख गरे । अबको डेढ महिनामा मूर्ति हस्तान्तरण गर्ने उनको भनाइ छ ।

नेपालगञ्ज उप–महानगरपालिकाका प्रमुख प्रशान्त विष्टले भारतको अयोध्यामा अत्याधुनिक राममन्दिर बनेपछि राम र हनुमानको सम्बन्धलाई एकाकार गर्दै अयोध्यासँग नेपालगञ्जलाई जोड्ने उद्देश्यका साथ हनुमानको मूर्ति निर्माण भइरहेको जानकारी दिए । यसले नेपालगञ्जको धार्मिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने नगर प्रमुख विष्टको विश्वास छ । उनले अयोध्यासँगको जोड्ने सके धार्मिक पर्यटनमा टेवा पुग्ने उल्लेख गरे । "यसले नगरको धार्मिक र सांस्कृतिक महत्वलाई थप बलियो बनाउने अपेक्षा गरिएको छ ।"–नगरप्रमुख विष्टले भने ।

हनुमानगढीका थानापति महन्थ उमेश गिरीले यस पवित्र स्थानमा भौतिक संरचनाको विकास भएकोमा खुसी व्यक्त गर्दै त्रेता युगमा श्रीराम हनुमानजीको अनन्य भक्त भएर अधर्मको नाश गरेको बताए । "त्यस युगमा अधर्मको नास गर्न हनुमानजीले एउटा चमत्कार नै गर्नुभएको छ, त्यसैले यसको महत्व अहिले पनि वढदै गएको छ ।"–उनले भने ।

ऋषिमुनिको आगमनपछि पाँच करोड गायत्री मन्त्रको जप भएको स्थानका रूपमा रहेकाले हनुमानगढीको महिमा झन बढेको महन्त गिरीको भनाइ छ । हनुमानगढी मन्दिर सञ्चालन तथा व्यवस्थापन समितिका सचिव विश्वराज तिवारीले धार्मिक क्षेत्रमा हनुमानगढीको गरिमा बढ्दै जाँदा यसले धार्मिक पर्यटनमा टेवा पुगेको उल्लेख गरे । नेपालगञ्ज उपमहानगरपालिकाले निर्माण गरेको १०८ फिट अग्लो हनुमानको सो मूर्तिको फाउन्डेसन र प्लेटफर्मको काम सकिएपछि अहिले धमाधम मूर्ति निर्माणको काम भइरहेको छ । यस स्थानमा बर्सेनि हनुमान जयन्तीमा उत्सव हुने गर्छ ।

# तेइस लाख बालबालिकालाई भिटामिन 'ए' खुवाइयो

बुटवल । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सञ्चालन गरेको राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमअन्तर्गत करिब २३ लाख लाख बालबालिकालाई भिटामिन 'ए' क्याप्सुल खुवाइएको छ ।

यही बैशाख ६ र ७ गते सञ्चालन गरिएको राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमअन्तर्गत ती बालबालिकालाई भिटामिन 'ए' र २१ लाख बालबालिकालाई जुकाको औषधि खुवाइएको मन्त्रालयका सूचना अधिकारी डा भक्त केसीले जानकारी दिए । यस्तै आठ लाख बालबालिकालाई बालभिटा खुवाइएको छ ।

देशैभरका छ महिनादेखि देखि ५९ महिनाका बालबालिकालाई भिटामिन 'ए' तथा १२ महिनादेखि ५९ महिनाका बालबालिकालाई जुकाको औषधि र छ महिनादेखि २३ महिनाका बालबालिकालाई बालभिटा खुवाइएको थियो ।

आँखाको दृष्टिलाई जोगाउने, रोग प्रतिरोधात्मक क्षमता बढाउने, कुपोषण कम गर्ने र बालमृत्युदर घटाउन सरकारले बालबालिकालाई भिटामिन 'ए', जुकाको औषधि र बालभिटा खुवाउने गरेको छ ।

राष्ट्रिय भिटामिन 'ए' कार्यक्रममा करिब ५० हजार जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा १५ हजार स्थानीय तहका स्वास्थ्यकर्मी खटिएका थिए । सरकारले हरेक आर्थिक वर्षको कात्तिक र वैशाखमा राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम २०५९ सालदेखि र जुकाको औषधि खुवाउने कार्यक्रम २०६७ सालदेखि सञ्चालन गर्दै आइरहेको छ ।

## सैनामैना प्रेस क्लबको अध्यक्षमा न्यौपाने र महासचिवमा परियार

सैनामैना । सैनामैना प्रेस क्लब गठन भएको छ । सैनामैना क्रियाशिल पत्रकारहरुको भेलाले क्लबको अध्यक्षमा दिपक न्यौपाने, वरिष्ठ उपाध्यक्षमा टिकाराम खराल, उपाध्यक्षमा खिमबहादुर खड्का, महासचिवमा सुरेश परियार, सचिवमा बिमल गैरे, कोषाध्यक्षमा अम्बिका दर्जीलाई चयन गरेको छ । सदस्यहरुमा शिव सुवेदी, राजन गौतम, प्रदिप ज्ञवाली, निश्चल ज्ञवाली, सन्दिका बन्जाडे चयन भएका छन् ।

गठन गरेलगत्तै सो क्लबले सोमबार सैनामैना नगरपालिकामा दर्ता प्रमाण पत्र र प्यान नम्बर जारी गर्दै आधिकारिता प्राप्त गरेको छ ।

प्यान कार्ड नगरबाट प्राप्त गर्दै क्लबका अध्यक्ष न्यौपानेले पत्रकारको क्षमता विकास र संस्थागत विकास गर्ने बताए । अध्यक्ष न्यौपानेले स्थानीय सरकार र सञ्चार क्षेत्रको सहकार्यले नागरिकलाई सुसुचित संगै स्थानीय निकायसँग नागरिकको अपनत्व जगाउने बताए ।

# नेपालले युएईलाई हरायो




बुटवल । संयुक्त अरब इमिरेट्स (युएई)लाई आठ विकेटले पराजित गर्दै नेपाल विजयी भएको छ । कीर्तिपुरस्थित त्रिवि मैदानमा यूएईले नेपाललाई जितको लागि १२९ रनको लक्ष्य दिएको थियो । जवाफमा नेपालले १५.५ ओभरमै मात्र २ विकेट गुमाएर लक्ष्य पूरा गऱ्यो ।

नेपालको जितमा कुशल भुर्तेल नायक बने । उनले ५७ बलमा १२ चौका र २ छक्कासहित अविजित ८४ रनको उत्कृष्ट इनिङ्स खेले । त्यस्तै कुशल मल्लले १९ रन बनाए भने सन्तोष यादव १ रनमा आउट भए । कप्तान दीपेन्द्र सिंह ऐरी २३ रनमा अविजित रहँदै टोलीलाई जितसम्म पुऱ्याए ।

यूएईका निलांश केसवानी र मुहम्मद अरफानले समान १–१ विकेट लिए । त्यसअघि ट्स हारेर पहिला ब्याटिङको निम्तो पाएको युएईले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १२८ रन बनाएको थियो । यूएईका लागि अक्षदीप नाथले अविजित ५३ रन र मुहम्मद अरफानले ३२ रन बनाएका थिए ।

नेपालका बलर सन्दीप लामिछानेले ४ ओभरमा मात्र ६ रन दिएर ३ विकेट लिए । हेमन्त धामीले २ विकेट लिए भने नन्दन यादव र शाहब आलमले समान १–१ विकेट लिए । दुई खेलको उक्त सिरिजमा दुबै टोलिले एक एक खेल आआफ्नो पक्षमा पारे । हिजो भएको पहिलो खेलमा नेपाल युएईसङ ६ विकेटले पराजित भएको थियो ।

**कांग्रेसमा...**

महामन्त्री पौडेलले एकेडेमीले पढाउने पाठ्यक्रम र कार्यविधि बनाउने काम भइरहेको जानकारी दिए । पूर्ण कार्यविधि आउनै बाँकी रहेकाले एकेडेमीबारे थप प्रष्ट्याउन नसकिने उनको भनाइ छ । महामन्त्री पौडेलले एकेडेमीको मूल भावना उम्मेदवार बन्न चाहने आकांक्षीहरूले अनिवार्य ट्रेनिङ लिनुपर्ने बताए ।

कांग्रेसका कार्यकर्तालाई राज्य प्रणालीभित्र विभिन्न जिम्मेवारी प्राप्त हुँदा त्यो जिम्मेवारी निभाउन सक्ने गरी क्षमता अभिवृद्धि गर्नु नै एकेडेमीको मुख्य उद्देश्य रहेको महामन्त्री पौडेलको भनाइ छ ।

'यो खासमा राज्य प्रणाली बुझाउने, संवैधानिक व्यवस्था के छ, कुन तहका सरकारको जिम्मेवारी के हो, सरकारहरू एकअर्कासँग कसरी आबद्ध हुन्छन्, प्रशासनिक क्षेत्रका अधिकारहरू के–के हुन्, सार्वजनिक क्षेत्रको सूचना लिएर जनतालाई सहयोग गर्न सक्ने क्षमता कार्यकर्ताहरूमा अभिवृद्धि गर्ने हो ।'– उनले भने । कांग्रेसले एकेडेमीलाई पार्टीको दीर्घकालीन क्षमता विकासको महत्वपूर्ण पूर्वाधारको रूपमा हेरेको छ ।

राजनीतिलाई व्यावसायिक र मेरिटमा आधारित बनाउने प्रयासस्वरूप सुरु गरिएको पहलले पार्टी कार्यकर्तालाई मात्र नभएर समग्र नेपाली राजनीतिक प्रणालीलाई नै गुणस्तरीय र जवाफदेही बनाउने अपेक्षा कांग्रेसको छ ।

निर्देशिका र पूर्ण कार्यविधि तयार भएपछि एकेडेमीको सञ्चालन, पाठ्यक्रम, प्रशिक्षक र कक्षा सञ्चालनको मोडालिटी थप स्पष्ट हुने प्रवक्ता चालिसेले बताए ।

**भूमिसुधार तथा मालपोत कार्यालय भैरहवाबाट जारी भएको नामसारी हकदावी सम्बन्धी ३५ दिने सूचना**

**सुचना । सुचना ॥ सुचना ॥।**

(सूचना प्रकाशन मितिः २०८३/०१/०८

यसमा जिल्ला रुपन्देही साविक मैनहिया गाविस वडा नं. ९ हाल सियारी गाउँपालिका वडा नं. २ बस्ने विशेस्वरको नाती बासुदेव थारुको छोरा राधेश्याम थारुले ऐ. ऐ. बस्ने वासुदेव थारुको चार छोरा सुन्दर थारु, पल्टन थारु, लौटन थारु र राधेश्याम थारुबीच अंशवण्डा भई छुट्टै बसी आएकोमा सुन्दर थारुको अविवाहित रही निजको मिति २०६८/०९/१० आफ्नै कालगतिले मृत्यु भएको तथा निजको मृतकको जीवित रहदाँ रेखदेख हेरचाह तथा मृत्यु पश्चात काजकंया दाहसस्कार समेत म निवेदक राधेश्याम थारुले एक्लै गरेकोले मृतक सुन्दर थारुको नाममा दर्ता कायम रहेको जिल्ला रुपन्देही साविक मैनहिया गाविस वडा नं. एक कि.नं. ४६६ ऐ.ऐ. ८ख कि.नं. ३२० ऐ. ऐ. ९ ख कि.नं. ५७३, ५७५ र ४४२ को जग्गा नियमानुसार अपुताली नामसारी गरी पाउँ भनी यस कार्यालयमा द.नं. १८९४५ मिति २०८२/१२/२६ मा निवेदन दिनुभएको विषयमा निवेदन बमोजिम नामसारी गर्दा अन्य कसैको व्यक्तिगत/सार्वजनिक हकदैयामा असर पर्ने तथा नामसारी गर्न नमिल्ने भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स–प्रमाण आफैँ वा वारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ । म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सबैमा अनुरोध छ ।

इति सम्बत् २०८३ साल ०१ महिना ०२ गते रोज ३ शुभम् ।

**सबैको बचत तथा ऋण सहकारी संस्था लि.**

तिलोत्तमा नगरपालिका वडा नं. ५, मणिग्राम रूपन्देही, लुम्बिनी प्रदेश

**ऋण भुक्तानी गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मितिः ०८३/०१/०९

यस संस्थाको तपसिलमा उल्लेखित सदस्यहरुले बिभिन्न ऋण शिर्षक अन्तरगत ऋण लिदा संस्थासँग गरेको सर्त सम्झौता बमोजिम समय–समयमा बुझाउनुपर्ने सावाँ, व्याज लगायतका दैदस्तुर समेत नतिरी नबुझाई संस्थासँग गरेको ऋण सम्बन्धि सर्तहरु उल्लंघन गरेकाले संस्थाको सम्पूर्ण ऋण रकम चुक्ता गर्न पटक–पटक मौखिक एवं लिखित रुपमा तरताकेता गर्दा समेत नतिरी, नबुझाई संस्थाको ऋण चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेको हुँदा ऋण चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा तिर्नु बुझाउनुपर्ने ऋण र सो सँग सम्बन्धित सम्पूर्ण रकम भुक्तान गर्नुहोला । सूचनामा तोकिएको म्याद भित्र संस्थालाई तिर्नु बुझाउनुपर्ने सावा, व्याज, हर्जाना लगायतका रकम नबुझाएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, लुम्बिनी प्रदेश सहकारी ऐन २०७६, नियमावली २०७६ र संस्थाको ऋण लगानी तथा असुली निति तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षणमा दिएको सम्पत्ति लिलाम बिक्री गरी वा सोबाट समेत असुल नभएमा सहकारीको ऋण असुली सम्बन्धमा प्रचलित कानुन बमोजिम ऋणिको हकभोग लाग्ने अन्य जायजेथा जो जेबाट हुन्छ असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ । थप जानकारीका लागि संस्थामा सम्पर्क राख्नुहोला ।

| ऋणिको नाम थर वतन | नागरिकता नं. र जारी जिल्ला/मिति | मन्जुरीनामा/धन जमानत दिनेको विवरण | धितोको विवरण |
|---|---|---|---|
| **कामना सिंह**<br>तिलोत्तमा नगरपालिका वडा नं. ५, मणिग्राम, रुपन्देही<br>पती : श्रवण रत्न शाक्य<br>ससुरा : प्रेमरत्न शाक्य | १०६३६२<br>पाल्पा<br>२०६१/२/२५ | **विन्दु रेखा शाक्य मानन्धर**<br>पती : प्रेमरत्न शाक्य<br>ससुरा : श्री रत्न शाक्य<br>तिलोत्तमा ५, रुपन्देही | **जग्गाधनी : विन्दु रेखा शाक्य (मानन्धर)**<br>ठेगाना : सिद्धार्थनगर नगरपालिका ३, रुपन्देही<br>कित्ता नं. २९३<br>क्षेत्रफल : ११२.०० वर्ग मिटर |
| **अखिलेश यादव**<br>तिलोत्तमा नगरपालिका वडा नं. १७, कानपारा, रुपन्देही<br>बाबु : राम किशोर यादव<br>बाजे : नङ्गे अहिर | ३७१०१५।४२४३९<br>रुपन्देही<br>२०६७/०६/०६ | | **जग्गाधनी : अखिलेश यादव**<br>ठेगाना : आनन्दवन ३ छ,<br>हाल तिलोत्तमा न.पा. ४, डिंगरनगर, रुपन्देही<br>कित्ता नं. ९७६<br>क्षेत्रफलः ०–०–१३–०(बिघा) |
| **सन्तोष पन्थ**<br>तिलोत्तमा नगरपालिका वडा नं. १, नयाँमिल, रुपन्देही<br>बाबु : लक्ष्मी पन्थ<br>बाजे : तेज नारायण पन्थ | १८१३२<br>रुपन्देही<br>२०५९/४/१ | **रिता पन्थ**<br>पती : सन्तोष पन्थ<br>ससुरा : लक्ष्मी पन्थ<br>तिलोत्तमा १ रुपन्देही | **जग्गाधनी : सन्तोष पन्थ**<br>ठेगाना : आनन्दवन २ घ,<br>हाल तिलोत्तमा न.पा. १, रुपन्देही<br>कित्ता नं. ७८२५<br>क्षेत्रफल : ०–१–०–० (बिघा) |
| **मन बहादुर गुरुङ**<br>तिलोत्तमा नगरपालिका वडा नं. ७, भलवारी, रुपन्देही<br>बाबु : टेक बहादुर गुरुङ<br>बाजे : खड्क बहादुर गुरुङ | ४५४२<br>स्याङ्जा<br>२०३८/१० | **अरुणा गुरुङ**<br>पती : मेख बहादुर गुरुङ<br>ससुरा : मन बहादुर गुरुङ<br>तिलोत्तमा ७, भलवारी | **जग्गाधनी : मन बहादुर गुरुङ**<br>ठेगाना : करहिया गा.बि.स. वडा नं. ३ ख, हाल तिलोत्तमा न.पा. ७, भलवारी, रुपन्देही<br>कित्ता नं. १००<br>क्षेत्रफल : ०–०–५–० (बिघा) |
| **मोहनीलाल तिवारी**<br>तिलोत्तमा नगरपालिका वडा नं. ५,<br>प्लटलाइन मणिग्राम, रुपन्देही<br>बाबु : तेजराम तिवारी<br>बाजे : काशीराम तिवारी | ४२४३२<br>पर्वत<br>२०६०/७/३ | **भुमीसरा तिवारी**<br>पती : तेजराम तिवारी<br>ससुरा : काशीराम तिवारी<br>पैयु गा.पा. ३, पर्वत | **जग्गाधनी : भुमिसरा तिवारी**<br>ठेगाना : सौ.फर्साटिकर ३ ख, हाल शुद्धोधन गाउँपालिका वडा नं. ३, रुपन्देही<br>कित्ता नं. ४४०<br>क्षेत्रफल : ०–७–५–० (बिघा) |

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



**खरबुजा खरिद गर्दै सर्वसाधारणः**
दाङको घोराही उप-महानगरपालिका-१५ स्थित न्यूरोडमा बिक्रीका लागि राखिएको खरबुजा खरिद गर्दै सर्वसाधारण। घोराहीमा खरबुजा प्रतिकिलो रु ४० का दरले किनबेच हुँदै आएको छ। तस्विरः कुलदीप न्यौपाने/रासस

# ओभरलोड नियन्त्रण र वैज्ञानिक भाडादर लागू गर्न माग



**मोहम्मद हबिब**
*भैरहवा*

ट्रक यातायात व्यवसायीहरूले भाडा समायोजन नभए गाडी चलाउने स्थिति नभएको भन्दै आन्दोलनको चेतावनी दिएका छन्।

लुम्बिनी ट्रक यातायात व्यवसाय संघले भैरहवामा आयोजना गरेको इन्धनको मूल्य वृद्धि, भाडा समायोजन र ओभरलोड नियन्त्रणसम्बन्धी भेलामा बोल्दै व्यवसायीहरुले अहिलेको जस्तो स्थिति एक वर्ष भए ट्रक व्यवसायीहरु सखाप हुने बताए। ओभरलोड पूर्णरूपमा बन्द गरी राष्ट्रिय सडक संरचना बचाउनुपर्ने, भारतीय ढुवानीका गाडीलाई विस्थापित गरी नेपाली गाडीको बजार सुरक्षित गर्नुपर्ने र वैज्ञानिक भाडादर कायम गरिनुपर्ने व्यवसायीहरूको मुख्य माग छ। उनीहरुले डिजलको मूल्य बढ्दा बसको भाडा समायोजन भइहाल्ने, तर हामी ट्रक व्यवसायीमा त्यो नियम किन नलाग्ने भन्ने प्रश्न गरे। व्यवसायीहरुले सबै एकजुट भई पेशाप्रति जागरुक भएर प्रतिस्पर्धा गर्न नसकिने भारतीय ट्रक र ओभरलोडलाई रोक्नुपर्ने बताए। व्यवसायीहरूले यी समस्या सम्बोधन नभएसम्म ट्रक व्यवसाय टिकाउन कठिन हुने बताएका छन्।

उनीहरुले वर्तमान संकट समाधानका लागि संघको पहलामा सरकारसँग ठोस निर्णय लिनुपर्ने माग गरे। अहिले डिजेलको मूल्य अत्यधिक महँगो, यहाँको कर, गाडी र सर्भिसको काम पनि महँगो भइरहेको बेला भारतीय ओभरलोड ट्रकलाई सीमित जरिवानाकै आधारमा चल्न दिएर ट्रक व्यवसाय नै धराशायी हुने अवस्थामा पुगेको व्यवसायी शिव सापकोटाले बताए। उनले हालको ढुवानी भाडाले इन्धन खर्च, बैंकको किस्ता र चालकको तलब व्यवस्थापन गर्न समेत कठिन भइरहेकोले कठिन अवस्थामा भाडा समायोजन हुनुपर्ने जनाए।

भारतबाट सिधैँ पोखरा, बागलुङ र काठमाडौँसम्म ढुवानी हुँदा नेपाली ट्रक व्यवसायीहरूले प्रतिस्पर्धा गर्न नसकिने बताउँदै भन्सार विन्दुमै ओभरलोड मिलान र नेपाली गाडीलाई प्राथमिकता दिनुपर्ने माग गरे। नेपाली ट्रकहरूलाई कडाइका साथ नियमन गरिए पनि विदेशी ट्रकहरूले ओभरलोड बोकेर निर्वाध रूपमा सञ्चालन भइरहेको भन्दै व्यवसायीहरूले असन्तुष्टि जनाउँदै उनीहरूले धर्मकाँटाबाटै कडाइका साथ जाँच गरी क्षमताभन्दा बढी सामान बोक्ने सवारीलाई रोक्नुपर्ने बताए। यसले सडक, पुललागायतका पूर्वाधार पनि जोगिने र नेपाली ट्रकले काम पाउने उनीहरूको भनाइ छ। व्यवसायीहरुले सम्बन्धित निकाय, महासंघ र सरकारलाई यस विषयमा ध्यानाकर्षण गराउँदै सबै व्यवसायीहरु धर्मकाँटा प्रयोग गरी अनुसाशित भएर काममा लाग्ने बताए।

संघका अध्यक्ष रुमाखर गौतम हालको अवस्थामा भाडा अत्यन्त न्यून रहेको र इन्धन तथा गाडीका पाटपुर्जाहरूको मूल्य अत्यधिक बढेकाले सवारी सञ्चालन गर्ने नसक्ने अवस्था आएको बताउँछन्। उनले भाडा समायोजन नभएसम्म व्यवसायी टिक्न नसक्ने स्पष्ट पार्दै ओभरलोड नियन्त्रणलाई प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गरे।

महासंघका कोषाध्यक्ष समेत रहेका गौतमले ४० टन क्षमताको सवारीमा १०० टनसम्म सामान बोक्ने प्रवृत्तिले बजार बिग्रिएको छ, जसलाई धर्मकाँटाबाटै कडाइका साथ रोक्नुपर्ने आवश्यकता रहेको बताए। 'हामीले यहाँ अभियान नै चलाई अनुगमनको कामलाई निरन्तरता दिएका छौँ, ओभरलोड गाडीले संरचना नै ध्वस्त बनाउने हुँदा त्यसलाई रोक्ने प्रयास गरेका छौँ,' उनले भने -'हामीले केन्द्रसम्म लबिङ गरेर आगामी दिनमा भन्सार बिन्दुबाटै भारतीय गाडीलाई नेपाल प्रवेशमा आउनलाई रोक लगाएर नेपाली गाडीले नै त्यसतर्फ सञ्चालन गर्नका निमित्त पहलकदमी गर्ने गरी लागेका छौँ।'

अत्यधिक ओभरलोडका कारण अर्बौंको लगानीमा बनेका बुटवल-नारायणघाट जस्ता सडक र पुलहरू छिट्टै ध्वस्त हुने जोखिम बढेकाले धर्मकाँटाबाटै ओभरलोडमा कडाइका साथ नियन्त्रण गर्नुपर्ने, नेपालमा पर्याप्त गाडी उपलब्ध भएकाले भारतीय गाडीलाई भन्सार बिन्दुबाटै रोकेर नेपाली गाडीलाई प्राथमिकता दिनुपर्ने र समयसापेक्ष स्वचालित भाडादर कायम गरी राष्ट्रिय संरचना जोगाउन सरकारले ठोस कदम चाल्नुपर्ने उनले बताए। त्यस्तै उनले सन् १९५० को सन्धिको आडमा भारतीय गाडीहरूको निर्वाध प्रवेशले नेपाली व्यवसायीहरू मर्कामा परेको उल्लेख गर्दै भन्सार बिन्दुबाटै विदेशी गाडीलाई नियमन गरी स्वदेशी गाडीलाई प्राथमिकता दिनुपर्ने माग गरे।

भेलामा सहभागी व्यवसायीहरूले आफ्ना मागहरू शीघ्र सम्बोधन नभए कडा आन्दोलनमा उत्रिने चेतावनी दिएका छन्। विशेषगरी भैरहवास्थित सुनौली नाकामा गाडी तेर्स्याएर 'की-डाउन' आन्दोलन गर्ने तथा देशभर ढुवानी ठप्प पार्ने चेतावनी दिइएको छ।

## लुम्बिनी प्रदेशसभा बैठकः

# दलित अधिकारसम्बन्धी विधेयक पारित



बुटवल। लुम्बिनी प्रदेशसभाले दलितको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सर्वसम्मत रूपमा पारित गरेको छ। प्रदेशसभाको सातौँ अधिवेशनअन्तर्गत मंगलबार बसेको १४औँ बैठकमा सामाजिक विकासमन्त्री जन्मजय तिमिल्सिनाले 'दलितको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको प्रतिवेदन सहितको विधेयक' माथि छलफलसहित पारित गरियोस् भन्ने प्रस्ताव पेस गरेका थिए।

बैठकमा सभामुख तुलाराम घर्तीमगरले उक्त विधेयक छलफलसहित सर्वसम्मत रूपमा पारित भएको जानकारी गराए। कृषि, वन तथा वातावरण समितिका सभापति विश्वप्रेम पाठकले 'प्रदेश जीवनाशक विषादी व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' माथि समितिको प्रतिवेदन पेस गरे।

यस्तै, भौतिक पूर्वाधार तथा विकास समितिका सभापति रामजीप्रसाद घिमिरेले समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गरेका थिए।

प्रदेशसभाको बैठकमा प्रदेशसभा सदस्यहरूले विभिन्न समसामयिक विषय उठाएका छन्।

प्रदेशसभा सदस्य भुवनेश्वर चौधरीले जनताको संरक्षण गर्ने राज्यले जनतालाई दुःख दिन नहुने बताउँदै योजना कार्यान्वयन र फरफारक प्रक्रियालाई सहज बनाउनुपर्ने धारणा राखे। उनले विकासका लागि बजेट भए पनि त्यसको प्रभावकारी सदुपयोग हुन नसकेको उल्लेख गरे।

प्रदेशसभा सदस्य शान्ति लोदले रुपन्देहीको मायादेवी क्षेत्रमा नागरिकताको समस्या रहेको विषय उठाएकी थिइन्। प्रदेशसभा सदस्य निलम पासवानले लुम्बिनी प्रदेशमा पूर्व परासीदेखि तौलिहवा हुँदै बर्दियासम्म यातायात सेवा सञ्चालन गर्न माग गरिन्। साथै सङ्घीय सरकारले भन्सारमा गरेको कडाइले गरिब तथा विपन्न नागरिकको जनजीवन प्रभावित भएको उनको भनाइ थियो।

प्रदेशसभा सदस्य भगवतीकुमारी थरुनीले इन्धन मूल्यवृद्धिका कारण भान्सादेखि कृषि क्षेत्रसम्म असर परेको भन्दै मूल्यवृद्धि फिर्ता लिन आग्रह गरिन्। प्रदेशसभा सदस्य सुधाकर पाण्डेयले सङ्घीय सरकारको नयाँ भन्सार नीतिका कारण सीमावर्ती क्षेत्रका नागरिक समस्यामा परेको उल्लेख गर्दै विवाह तथा पूजाआजाका सामग्री ल्याउन रोक नलगाउन अनुरोध गर।

प्रदेशसभा सदस्य अम्बिका काफ्लेले ई-रिक्सा चालकहरूको समस्या समाधान गर्न माग गरिन्। उनले चालकहरूको शैक्षिक स्तर र लिखित परीक्षा प्रणालीका कारण लाइसेन्स प्राप्त गर्न कठिन भइरहेको बताउँदै धेरै चालक निरक्षर रहेका र लाइसेन्सबिना नै सवारी सञ्चालन गरिरहेको जानकारी दिइन्। उनले मौखिक तथा प्रयोगात्मक परीक्षा प्रणाली लागू गरी लाइसेन्स प्रक्रिया सहज बनाउनुपर्ने माग गरिन्।

प्रदेशसभा सदस्य रेवती गुरुङले संविधान र कानुनभन्दा माथि कोही नरहेको उल्लेख गर्दै देशलाई अव्यवस्थाबाट जोगाउन सरकार जिम्मेवार हुनुपर्ने बताइन्। अर्का प्रदेशसभा सदस्य दिलकुमारी बुढाले डिभिजन कार्यालयहरू प्रदेशप्रति उत्तरदायी हुन नसकेको गुनासो गर्दै जनतालाई सास्ती दिन नहुने धारणा राखिन्।

यस्तै, अर्का प्रदेशसभा सदस्य वसन्ती न्यौपानेले बजेट तर्जुमा प्रक्रियालाई सरल र प्रभावकारी बनाउन आग्रह गर्दै विगतका कमजोरी नदोहोर्‍याउन सुझाव दिए।

# खुकुरी कप क्रिकेट सुरु




भैरहवा। नेपाल-भारतका क्रिकेट टीमहरुको सहभागितामा रुपन्देही सदरमुकाम भैरहवामा 'खुकुरी टी-ट्वान्टी कप-२०८३' क्रिकेट प्रतियोगिता सुरु भएको छ। लुम्बिनी खुकुरी क्लब, भैरहवाको आयोजनामा मंगलबारदेखि प्रतियोगिता सुरु भएको हो।

मंगलबार भएको दुई खेलमा एमएसएमटी सीए नौतनवा र भरतपुर क्रिकेट एकेडीमी विजयी भएका छन्। एमएसएमटीले बुद्ध क्रिकेट क्लबलाई ७ विकेट र भरतपुरले बुटवल ११ लाई १ सय ३० रनले पराजित गर्दै विजयी सुरुवात गरेका हुन्।

सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा टस जितेर ब्याटिङ गरेको बुद्धले ८ विकेट गुएमार १ सय २९ रन बनायो। उसका लागि सुरज पौडेल ३९, अजय शाहीले ३५ र मिथलेश यादवले २५ रन बनाए। बलिङमा हिमान्सु सिंहले ३, सेहबाज शेषले २, आदित्य कौसिफ र मोहम्मद जैदले १-१ विकेट लिए।

जवाफी ब्याटिङ गरेको एमएसएमटीले १४ ओभर ५ बलमा ३ विकेट गुमाएर १ सय ३५ रन बनाउँदै जित निकाल्यो। उसको जितमा सक्षम शर्माले ४९, पिन्टु यादवले अविजित २७ र आर्यन अग्रहरीले २३ रन बनाए। बलिङमा बुद्धका हरिकेष मुराउ, अजय त्रिपाठी र मञ्जुश्री यादवले १-१ विकेट लिए। खेलमा हिमान्सु सिंह प्लेयर अफ द म्याच भए।

यस्तै, दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको भरतपुरले ४ विकेट गुएर २ सय ६३ रनको उच्च योगफल बनायो।

उसका लागि गौरव विकले १०० र रोशन झाले ६६ रनको योगदान गरे। बलिङमा सुधन श्रेष्ठ र युवराज सेनले १-१ विकेट लिए।

जवाफी ब्याटिङ गरेको बुटवल ११ ले १६ ओभर ५ बलमा अलआउट हुँदै १ सय ३३ रन मात्रै बनायो। उसका लागि प्रवेश सारुले ३५ र युवराज सेनले ३३ रन बनाए। अपराजित पौडेलले ४, कमल थापाले ३, सुदीप अर्याल, दीपेश श्रेष्ठ र मनिष पुनले १-१ विकेट लिए। खेलमा गौरव विक म्यान अफ द म्याच भए।

प्रतियोगितामा नेपालका १३ तथा भारतका ३ गरी कुल १६ टीमको सहभागिता छ। यही बैशाख १५ गतेसम्म चल्ने प्रतियोगिताको विजेता टीमले नगद १ लाख ११ हजार १ सय ११ रुपैयाँ प्राप्त गर्ने छ भने उप-विजेताले ५५ हजार ५ सय ५५ रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने खेल संयोजक नन्दन श्रेष्ठले बताए।

साथै, म्यान अफ द सिरिजलाई १५ हजार रुपैयाँ तथा उत्कृष्ट ब्याट्सम्यान र बलरलाई जनही ५ हजार ५ सय रुपैयाँ तथा प्रत्येक खेलको म्यान अफ द म्याचलाई एक हजार ५ सय प्रदान गरिनेछ।

यसअघि प्रतियोगिताको उद्घाटन सत्रमा बोल्दै सिद्धार्थनगर नगरपालिकाका प्रमुख इश्तियाक अहमद खाँन, उप-प्रमुख उमा अधिकारी, रुपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापा, संघका पूर्वअध्यक्ष प्रशान्तविक्रम मल्ल, सिद्धार्थनगर-१ का वडाध्यक्ष उज्ज्वल पोखरेल, आयोजक संस्थाका अध्यक्ष महेश थापालगायतले बोल्दै यस्ता प्रतियोगिताले नयाँ नयाँ खेलाडी उत्पादनमा टेवा पुर्‍याउने जनाए।

# मारूनी झ्याउरे नाच प्रशिक्षण



बुटवल। नेपाल मगर संघ बुटवल उपमहानगर समितिको आयोजनामा मारुनी झ्याउरे नाच संरक्षणसम्बन्धी प्रशिक्षण सुरु भएको छ। प्रशिक्षणको बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेले आफैँ नाचेर उद्घाटन गरे।

कार्यक्रममा नेपाल मगर संघकी केन्द्रीय उप-महासचिव कमला थापाले पछिल्लो समय मगर समुदायका मौलिक नृत्यहरू लोप हुने जोखिम बढ्दै गएको अवस्थामा प्रशिक्षण कार्यक्रमले नयाँ पुस्तालाई परम्परासँग जोड्न महत्वपूर्ण भूमिका खेल्ने बताइन्।

नेपाल मगर संघकी केन्द्रीय सदस्य तथा रूपन्देही इञ्चार्ज धनी आलेले मारुनी झ्याउरे नाच मगर समुदायको एक महत्वपूर्ण लोकनृत्य भएको र यसले सांस्कृतिक पहिचान, परम्परा र सामाजिक एकतालाई झल्काउने हुँदा यसको संरक्षणमा मगर समुदाय जुट्नु पर्नेमा जोड दिइन्।

सात दिनसम्म सञ्चालन हुने कार्यक्रममा प्रशिक्षकहरूले नृत्यका शैली, लय, पोशाक तथा यसको सांस्कृतिक महत्वबारे प्रशिक्षण दिनेछन्। उद्घाटन समारोहमा नेपाल मगर संघकी केन्द्रीय सदस्य मधु राना, रुपन्देही जिल्ला अध्यक्ष थर्कबहादुर बारघरे, नेपाल मगरमहिला संघ बुटवल उप-महानगर अध्यक्ष बसन्ती साठीघरे, सचिव खिमा रानालगायतले आफ्ना भनाइ राखेका थिए।


## होडिङ्ग बोर्डमार्फत विज्ञापन गर्दा के गर्ने ?

**विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुसार,**
- होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहबाट अनुमति लिनु।
- अनुमतिपत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनुपर्ने
- स्थानीय तहले प्रचलित कानून बमोजिम मनासिव देखेमा अनुमतिपत्र दिनुपर्ने,
- अनुमति दिँदाकै समयमा राजश्व संकलन गर्ने,
- अनुमतिको अवधि समाप्त भएपछि त्यस्तो होडिङ्ग बोर्ड हटाउनुपर्ने व्यवस्था छ।

**त्यसैले अनुमति प्राप्त गर्नः**
- स्थानीय तहमा निवेदन दिऊँ.
- अनुमतिपत्र प्राप्त नगरी होर्डिङ्ग बोर्ड नराखौं वा राख्न नदिऔं
- अनुमति प्राप्त नगरी राखिएका होर्डिङ्ग बोर्ड तत्काल हटाऔं,
- अनुमति प्रदान गर्दा अनुमति शुल्क, बहाल वा बहालकर, विज्ञापन कर लिने गरौं,

**बाह्य विज्ञापनलाई स्थानीय तह र प्रदेश सरकारको आम्दानीको स्रोत बनाऔं।**

**नेपाल सरकार विज्ञापन बोर्ड**




**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स
भएको भवन) फोनः- ०७१५४२५७१


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com